# लोक सेवा आयोग
## केन्द्रीय कार्यालय

**प्रेस विज्ञप्ती**

"लोक सेवा आयोगको प्रतिवद्धताः प्रतिस्पर्धात्मक छनौटको सुनिश्चितता" भन्ने मूल नाराका साथ लोक सेवा आयोगहरूको छेठौं राष्ट्रिय सम्मेलन २०८२ चैत २९ र ३० गते गण्डकी प्रदेशको राजधानी पोखरामा सम्पन्न भयो। दुई दिनसम्म सञ्चालन भएको यस सम्मेलनको उद्घाटन लोक सेवा आयोगका माननीय अध्यक्ष माधव प्रसाद रेग्मीले गर्नुभयो। सम्मेलनमा लोक सेवा आयोग तथा सातै प्रदेश लोक सेवा आयोगका अध्यक्ष, सदस्य र सचिवको सहभागिता रहेको थियो। उद्घाटन समारोहमा गण्डकी प्रदेश सरकारका नि. प्रमुख सचिव तथा कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारीको उपस्थिति रहेको थियो।

सम्मेलनमा सहभागी लोक सेवा आयोगहरूका पदाधिकारी तथा कर्मचारीलाई प्रदेश लोक सेवा आयोग गण्डकीका अध्यक्ष तथा लोक सेवा आयोगका सचिवले स्वागत गर्नु भएको थियो।

सम्मेलनमा लोक सेवा आयोगका माननीय अध्यक्ष माधव प्रसाद रेग्मीले आयोगहरू बीचको कार्यपद्धति एकरूपता र गुणस्तरीयता कायम हुनु अनिवार्य रहेकोतर्फ जोड दिनुभएको थियो। आयोगहरूबाट छनौट हुने कर्मचारीहरू केवल हाम्रा सेवाग्राही मात्र होइनन्, शासकीय प्रभावकारिताका संवाहक भएका हुँदा आयोगको छनौट प्रणालीमा थोरै मात्र त्रुटि भयो भने त्यसको असर राज्यले लामो अवधिसम्म भोग्नुपर्ने विषयमा चनाखो हुन सबैलाई आग्रह गर्नुभएको थियो। यस अवसरमा वहाँले गौरवशाली इतिहास बोकेको संवैधानिक निकाय लोक सेवा आयोगले आर्जन गरेको जनविश्वास र स्थापित पद्धतिलाई अक्षुण्ण राख्दै प्रविधिमा आएको परिवर्तन, सूचनाको हकको बढ्दो प्रयोग र परिवर्तित सन्दर्भहरूलाई आत्मसात् गरी आयोगहरू अगाडी बढ्न सकेमा आयोगको विश्वसनीयतामा थप अभिवृद्धि हुने बिचार व्यक्त गर्नुभयो।

सम्मेलनमा लोक सेवा आयोगका सचिव रामेश्वर दंगालले लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोग बीच समन्वय र सहकार्यको स्थायी संरचना नरहेकाले प्रत्येक वर्ष आयोजना हुने राष्ट्रिय सम्मेलन अत्यावश्यक रहेको वताउनुभयो। साथै यस सम्मेलनले लोक सेवा आयोगको सिद्धान्त र मापदण्डको मस्यौदालाई अन्तिम रुप दिने धारणा व्यक्त गर्नुभयो।

यसैगरी सातै प्रदेशका अध्यक्षहरूले राष्ट्रिय सम्मेलनको सान्दर्भिकता एवम् आ-आफ्नो प्रदेश लोक सेवा आयोगले प्रदेश र स्थानीय तहको पदपूर्तिलाई स्वच्छ, निष्पक्ष तथा विश्वसनीय बनाउन गरेका प्रयास तथा कामकारबाहीका बारेमा प्रकाश पार्नुभएको थियो।

सम्मेलनमा लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूको तर्फबाट कार्यपत्रहरू प्रस्तुतीकरण भएको थियो। लोक सेवा आयोगको तर्फबाट आयोगका सहसचिव पुरुषोत्तम शर्माले सम्मेलनको सान्दर्भिकता, विगतका सम्मेलनहरूको उपलब्धि, साझा सरोकारका सवालहरू, चुनौतीहरू, असल अभ्यासहरू समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

सम्मेलनमा सबै प्रदेश लोक सेवा आयोगहरूको तर्फबाट कार्य प्रगति एवम् भोग्नुपरेका चुनौतीहरू समेटी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। प्रस्तुत कार्यपत्रमा सहभागीहरूबीच अन्तरक्रिया समेत सम्पन्न भएको थियो। साथै लोक सेवा आयोगका माननीय सदस्य वीर बहादुर राईले संगठित संस्थाहरूको परीक्षा प्रणालीमा गरिएको पछिल्लो सुधार तथा समग्र सम्मेलनमा उठेका विषयवस्तुहरूको संक्षेपण प्रस्तुत गर्नुभएको थियो।

सम्मेलनमा सङ्घीय कानून बमोजिम लोक सेवा आयोगले अवलम्बन गरेका सिद्धान्त र मापदण्डको मस्यौदामा दफावार छलफल गरी सबै प्रदेश लोक सेवा आयोगहरूबाट प्राप्त सुझावका आधारमा लोक सेवा आयोगको आधार र मापदण्ड, २०८२ स्वीकृत गरी सार्वजनिक गर्ने, यस सिद्धान्त र मापदण्डको कार्यान्वयनका लागि सूचकहरू निर्धारण गरी स्व:मूल्याङ्कन वा समकक्षी मूल्याङ्कन गर्ने र आगामी सातौं राष्ट्रिय सम्मेलन २०८३ फागुन २३ र २४ गते मधेश प्रदेशमा आयोजना गर्ने गरी ६ बुँदे निर्णय गरियो।

सम्मेलनको अन्त्यमा लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका सबै पदाधिकारीहरूले योग्यता प्रणालीको प्रवर्द्धक र संरक्षकको जिम्मेवारीलाई अङ्गिकार गर्दै, आयोगहरूले अबलम्बन गरेका असल अभ्यासलाई आत्मसात् गरी, साझा सवाल र चुनौतीहरूलाई समाधान गर्न साझा धारणा स्वीकार्दै, पदपूर्तिका सम्बन्धमा अपनाएका सिद्धान्त तथा मापदण्डहरूमा एकरुपता ल्याउन प्रतिबद्ध हुँदै, सङ्घीयताको मर्म र भावना अनुकूल सार्वजनिक प्रशासनमा उपयुक्त जनशक्ति आकर्षण गर्न, प्रतिस्पर्धात्मक परीक्षाको माध्यमबाट योग्य र सक्षम उमेदवार छनौट र सिफारिस गर्न प्रतिबद्धता जनाउँदै घोषणापत्र जारी गरी सम्मेलनको समापन भएको छ।

(पुरुषोत्तम शर्मा)
प्रवक्ता/ सहसचिव

२०८२ साल चैत्र ३० गते, सोमबार
कमलपोखरी, काठमाडौं